# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७६/११/१८ गते आइतबार ३९,२८९ कारोबारमा ४ अर्ब ८४ करोड ७४ लाख रुपैयाँ बराबरका एक करोड २५ लाख १७ हजार २ सय १७ कित्ता सेयर किनबेच भएका छन् । कारोबार संख्या, कारोबार रकम तथा किनबेच भएका सेयर कित्ताका आधारमा यो नयाँ कीर्तिमान हो । यसैगरी कारोबार सम्बन्धी अन्य परिसूचकहरुमा पनि उल्लेख्य सुधार आएको छ ।

| आइतबारको कारोबार विवरण | |
|---|---|
| जम्मा कारोबार रकम | ४ अर्ब ८४ करोड ७४ लाख ३७ हजार रुपैया |
| कारोबार संख्या | ३९,२८९ |
| कारोबार भएका धितोपत्र संख्या | १,२५,१७,२१७ |
| जम्मा कारोबार आदेश | १,६४,४७२ |
| कारोबारमा संलग्न लगानीकर्ता | १६,७५२ |
| अनलाइन कारोबार रकम | २ अर्ब १५ करोड ५८ लाख ०३ हजार रुपैया |
| अनलाइन लगानीकर्ताको कारोबार संख्या | २०,१४७ |
| अनलाइन लगानीकर्ताले कारोबार गरेको धितोपत्र संख्या | ५१,५९,१९५ |
| अनलाइन लगानीकर्ताको कारोबार आदेश | ६२,७९८ |
| अनलाइन लगानीकर्ताको संख्या | ३८०६ |
| जम्मा अनलाइन लगानीकर्ता संख्या | २२,९३३ |

यस अघि मिति २०७६/११/१४ मा दोस्रो बजार कारोबारले नयाँ उचाई छोएको थियो । त्यस दिन ३२,१५४ कारोबारमा ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँ बराबरका ९९ लाख ६ हजार ९ सय ८९ कित्ता सेयर किनबेच भएको थियो । गत वर्ष कार्तिक २० गतेदेखि नेप्से अनलाइन कारोबार प्रणाली (NOTS) औपचारिक रुपमा सञ्चालनमा आएपछि क्रमिक रुपमा कारोबार गतिविधि बढेको छ । नेप्सेको कारोबार प्रणालीमा सिडिएस एन्ड क्लियरिङ लिमिटेड (CDSCL) तथा नेपाल क्लियरिङ हाउस लिमिटेड ( NCHL) को प्रणालीमा आवद्ध ७५ भन्दा बढी बैंक तथा वित्तीय संस्थामार्फत कारोबार सम्बन्धी रकम तथा धितोपत्र भुक्तानी तथा राफसाफ गर्न/गराउन सकिने भए पछि आम लगानीकर्ताले यसमा सहभागी हुन सहज महसुस गरेको विश्वास नेप्सेले लिएको छ ।

मिति : २०७६/११/१८

मुराहरि पराजुली

प्रवक्ता


**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**

**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**email : info@nepalstock.com**